नेपाल सरकार
भूमि व्यवस्था, सहकारी,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# भूमि प्रशासन कार्यालय,मनमैजु

पत्र संख्याः-२०८२/८३
चलानी न.:- १२५४

नापी कार्यालय
मनमैजु, काठमाडौं
दर्ता नं.... १३३२
मिति २०८३।३।०१

E-mail:-manmaiju@dolma.gov.np

श्री गोरखापत्र संस्थान,
धर्मपथ, काठमाडौं।

मिति २०८३।०३।०१
नेपाल सम्वत् ११४६,अनलागा,सोमबार

विषयः- सूचना प्रकाशन गरिदिने सम्बन्धमा।

यस कार्यालयबाट प्रकाशन हुने तपशिल बमोजिमको सूचनाको लाग्ने दस्तुर पत्रबाहक हस्ते लिनु भै गोरखापत्रमा एक पटकको सूचना प्रकाशन गरिदिनुहुन अनुरोध गरिन्छ।

श्री मालपोत कार्यालय, मनमैजु काठमाडौंबाट जारी
हकदावी सम्बन्धी ३५ दिने सार्बजनिक सूचना

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २० बस्ने नारायणी देवी श्रेष्ठ समेतले निजहरुको जेठाजु जेठाजु केशवमान प्रधानका नाममा श्रेस्ता तथा पुर्जा कायम भएको का.जि.मनमैजु वडा नं.९क कि.नं.२४,११६४,११६५ र ११६८ क्षेत्रफल ०-६-२-0,०-३-२-१,२-१५-२-० र ०-२-२-० जग्गा रहेकोमा ज.ध.केशवमान प्रधानको मिति २०८२/०४/२३ मा र निजकी श्रीमती मनोरमा प्रधानको मिति २०७५/०९/११ मा आ-आफ्नै कालगतिले निसन्तान अवस्थामा मृत्यु भएकाले नाता प्रमाणमा उल्लेखित व्यक्तिका नाममा कार्यालयको नियमानुसार नामसारी गरीदिनुभनि का.म.न.पा.वडा नं.२० कार्यालयबाट नामसारी सिफारिस भइआएको र निवेदकहरुले मृतक ज.ध.को शेषपछीका हकदारमा हामी निवेदक बुहारीहरु नारायणी देवी श्रेष्ठ,दुर्गादिवी बैद्य र अमलादेवी प्रधान समेत जना-३ मात्र भएको भनि नापि कार्यालय मनमैजुबाट हालसाविक गरि अध्यावधिक नामसारीका लागि यस कार्यालयमा माग निवेदन दिनुभएकाले,उल्लेखित कित्ता जग्गा निवेदकहरुका नाममा संयुक्त नामसारी गर्न मिल्ने हो/होइन ? माग बमोजिम ना.सा. हुनु नपर्ने भए, निबेदक बाहेक अन्य हकदार भए वा मृतक ज.ध. तथा निजकी श्रीमती जिवित रहँदा पालन-पोषण, औषधि उपचार र मृत्यु पश्चात परम्परा अनुसार काजकृया निवेदकहरु बाहेक अरु कोही-कसैले गरेको भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण दावी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ।

भूमि प्रशासन अधिकृत

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं। सुचना टाँस गरी सोको जानकारी पठाईदिनुहुन।
श्री जि.स.स. को कार्यालय, बबरमहल, काठमाडौं। (ऐ.ऐ.)
श्री नापी कार्यालय मनमैजु, काठमाडौं। (ऐ.ऐ.)
श्री ता.न.पा. नगर कार्यपालिकाको कार्यालय,धर्मस्थली, काठमाडौं। (ऐ.ऐ.)
श्री ता.न.पा. ११ नं. वडा कार्यालय, मनमैजु, काठमाडौ। (ऐ.ऐ.)
श्री का.म.न.पा. २० नं. वडा कार्यालय, भिमसेनस्थान,काठमाडौ। (ऐ.ऐ.)